संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - २१

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत २७ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम माननीय सदस्यहरुले द्ध्यापद्ध्याप गरि समय माग गर्नु भएपश्चातको आकस्मिक समयमा काठमाडौंको फोहर उठाउने विषयमा विलम्व नगरी महानगरपालिकासँग संवाद गर्नु पर्ने, नेपालको कानून विपरित भारतीय सुरक्षा संयन्त्रका कर्मचारीहरु नेपाल प्रवेश गरेको, बर्दिया जिल्लामा बाघको श्रृंखलाबद्ध आक्रमणबाट मानवीय क्षति भएको, ललितपुरको कुपण्डोलमा निर्माणाधिन समिट अपार्टमेन्टका कारण घरहरु भासिएको सम्बन्धमा र बाहालवाला सांसदको हालै बाहिरिएको विवादास्पद टेलिफोन संवादको विषयमा संसदीय समिति बानाएर छानविन गर्नु पर्ने लगायतका समसामयिक विषयमा निम्नलिखित माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री गगन कुमार थापा
२. मा० श्री रघूजी पन्त
३. मा० श्री संजय कुमार गौतम
४. मा० श्री सन्तोष परियार
५. मा० श्री रोसन कार्की
६. मा० श्री धनराज गुरुङ्ग
७. मा० श्री प्रेम सुवाल

त्यसपछि प्रारम्भ भएको शुन्य समयमा निम्नलिखित माननीय सदस्यहरुले आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री अञ्जनी श्रेष्ठ
२. मा० श्री अनिशा नेपाली
३. मा० श्री अमृता देवी अग्रहरी
४. मा० श्री अर्जुन नरसिंह के.सी.
५. मा० श्री अरुण कुमार चौधरी
६. मा० श्री असिम शाह
७. मा० श्री ईश्वरी देवी न्यौपाने
८. मा० श्री उदय शंशेर ज.ब.रा.
९. मा० श्री उर्मिला माझी
१०. मा० श्री कान्तिका सेजुवाल
११. मा० श्री कालुराम राई
१२. मा० श्री गिता बस्नेत
१३. मा० श्री गोमा लाभ (सापकोटा)
१४. मा० श्री चित्र बहादुर के.सी.
१५. मा० श्री छिरिङ ल्हामु लामा (तामाङ)
१६. मा० श्री जावेदा खातुन जागा
१७. मा० श्री जीवन परियार
१८. मा० श्री जुली कुमारी महतो (महासेठ)

तत्पश्चात् विशेष समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नु भयोः-

१. मा० श्री दिपक गिरी
२. मा० श्री पदम गिरी
३. मा० श्री बिमला सुवेदी
४. मा० डा० चन्दा कार्की (भण्डारी)
५. मा० श्री धवलशम्शेर जंगबहादुर राणा
६. मा० श्री दिपक कार्की
७. मा० श्री शेरबहादुर कुँवर
८. मा० श्री दिलेन्द्र प्रसाद बडु
९. मा० श्री ऋृषिकेश पोखरेल
१०. मा० डा० शुनिल कुमार शर्मा
११. मा० श्री शोभा ज्ञावाली
१२. मा० श्री सरस्वती सुब्बा

तदुपरान्त सम्माननीय सभामुखले सभाका विगतका वैठकहरुदेखि शून्य, विषेश र अन्य समयमा माननीय सदस्यहरुले उठाउनु भएको जनसरोकारका विषयहरु प्रति नेपाल सरकारको ध्यानकर्षण गराउनुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १५ को उपनियम (२) को व्यवस्था बमोजिम उक्त समयहरुमा उठेको प्रश्नहरुको जवाफ दिन नेपाल सरकारलाई निर्देश गर्नुभयो ।

त्यसपछि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)को तर्फबाट माननीय श्री सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन, आ.व. २०७८/०७९" सभा समक्ष पेश गर्नु भयो ।

तत्पश्चात् माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नु भयो ।

तदुपरान्त राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफल प्रारम्भ भयो । उक्त छलफलमा निम्नलिखित माननीय सदस्यहरु छलफलमा भाग लिनु भयोः-

१. मा० श्री अर्जनु नरसिंह के.सी.
२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
३. मा० श्री माधव सापकोटा
४. मा० श्री रोसन कार्की
५. मा० श्री मनिष झा
६. मा० श्री विना लामा
७. मा० श्री प्रेम सुवाल
८. मा० श्री रामहरि खतिवडा
९. मा० श्री पदम गिरी
१०. मा० श्री विराज भक्त श्रेष्ठ
११. मा० श्री शिव नेपाली

त्यसपछि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनु भयो ।

तत्पश्चात् राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतीले स्वीकृत भयो ।

तदुपरान्त "सार्वजनिक सेवा प्रशारण विधेयक, २०७८" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम ११२ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिन सक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत २९ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ४:१० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव